# प्रेस विज्ञप्ति

**बिषय: एएनए सम्मेलन (ANA Convention) सम्बन्धित सार्वजनिक जानकारी संप्रेषण गरिएको सम्बन्धमा !**

यो जो जसलाई सम्बंधित छ !

समुदायका आदरणीय एवं मान्यवर जनसमुदायहरु,
सादर नमन।

उपरोक्त विषय सम्बन्धमा सार्वजनिक सरोकारसंग सम्बंधित निम्नानुसारका जानकारीमुलक निर्णयहरुलाई पारदर्शिता सहित आधिकारिक रुपमा संप्रेषित गरिएको व्यहोरा अनुरोध छ।

एसोसिएशन अफ नेपालीज ईन द अमेरिकाज (एएनए) बोर्डको उच्च एवं सर्वसम्मत निर्णय अनुसार यस बर्ष यानेकी सन् **२०२५ को ए.एन.ए. सम्मेलन (ANA Convention) क्यानडा स्थित क्यालगरी शहरमा सम्पन्न हुने निर्णय भएको छ**।

ए.एन.ए. नेपाली राष्ट्रिय सम्मेलन "**अन्तर्राष्ट्रिय नेपाली सम्मेलन**" को चिनारीबाट **अगस्ट २२, २३ र २४ मा क्यानडाको क्यालगरी शहरमा सम्पन्न** हुने भनेर एएनए को उच्च स्तरीय बैठक बाट सर्वसम्मति सहित निर्णय भएको हो।

क्यानडाको क्यालगरीमा सम्पन्न हुने यो सम्मेलन एएनए सम्मेलनको लागि **करिब ४२ बर्ष पछिको इतिहासमा लगभग ३७ बर्ष पश्चात दोश्रो पटक क्यानडामा "अन्तराष्ट्रिय नेपाली सम्मेलन"** को चिनारी बाट सम्बोधित गर्दै अर्को सम्मेलन सम्पन्न हुन लागेको हो।

एसोसिएशन अफ नेपालीज ईन द अमेरिकाज (एएनए) को गत मार्च ५ मा बसेको कार्यसमिति, संरक्षक समिति साथै सल्लाहकार समितिको संयुक्त र पूर्ण बैठकको सर्वसम्मत निर्णय बाट सम्मेलनको स्थान, मिति तय गर्दै निर्धारित यस **सम्मेलनको मानार्थ संरक्षक (Honorary Patron) को ज़िम्मेवारीमा संस्थाका वर्तमान उपाध्यक्ष संतोष राज दाहाल** र **सम्मेलन संयोजक (Convenor)** को ज़िम्मेवारीमा संस्थाका वर्तमान सहसचिव **कमल भट्टराईलाई** सर्वसम्मति बाट नियुक्त गरिएको छ।

# प्रेस विज्ञप्ति

उत्तर अमेरिकी देश क्यानडाको असाध्य सुन्दर भौगोलिक स्थान **क्यालगरी शहरमा सम्पन्न हुने** यस सम्मेलनमा सपरिवार उपस्थित भएर हरेक प्रत्येक कार्यक्रमहरुमा सहभागी हुनको लागि देश तथा विदेशमा रहनु भएका सम्बन्धित सबैमा विनम्रतापूर्वक आग्रह गर्दै संस्थागत रुपमा एएनए उच्च स्तरीय बैठकले सार्वजनिक रुपमा बिशेष अनुरोध समेत गरेको छ।

**आगामी अगस्ट २२, २३ र २४ तिन दिन सम्म लगातार गरिने यानेकी तिन दिवसीय रुपमा सम्पन्न** हुने यो सम्मेलन एएनए सम्मेलनको लागि ऐतिहासिक रुपमा र **क्यानडाको लागि दोश्रो र सुनौलो अवसर** भएको बिशेष सम्मेलन भएकोले यसलाई निकै नै महत्वका साथ हेरिएको छ।

क्यानडा स्थित क्यालगरी शहरमा नै स्थानीय रुपमा बसोबास गर्ने समग्र समाजमा चीर परिचित, मनकारी, उर्जावान व्यक्तित्व, क्यानडाका लागि वर्तमान पर्यटन पर्वर्तक (पर्यटन दूत), बरिष्ट सामाजिक अभियन्ता एवं वर्तमान "एएनए" का **उपाध्यक्ष श्री संतोष राज दाहाल** र क्यालगरीमा नै स्थायी बसोबास गर्नु हुने लोकप्रिय एवं ख्यातिप्राप्त एवं मिलनसार साथै सालिन समाजसेवी व्यक्तित्वका अतिरिक्त"एएनए" का **वर्तमान सहसचिव श्री कमल भट्टराईलाई** क्रमशः यस सम्मेलनको **संरक्षक** र **संयोजक** पदमा मनोनयन गरिएको यस महत्वपूर्ण र निर्णयात्मक सर्वसम्मत मनोनयनलाई बिशेष ज़िम्मेदारी निर्वाह गर्ने मनोनयन हो भनेर मानिएको छ।

सन् १९८३ मा स्थापित एसोसिएसन अफ नेपलिज इन द अमेरिकाज (एएनए) ले गत मार्च ५, २०२५ बुधवारका दिन आयोजना गरिएको बिशेष महत्व राख्ने भर्चुअल (जुम) बैठकमा नीजहरुको नाम सर्वसम्मति बाट घोषणा गरिएको छ। स्थापना काल देखि नै अक्सर रुपमा संयुक्त राज्य अमेरिकामा नै सम्पन्न हुँदै आएको एएनए नेपाली राष्ट्रिय सम्मेलन लगभग चार दशक पछि यो क्रम तोड्दै क्यानडामा यस बर्षको सम्मेलन आयोजना गरिएको हो।

# प्रेस विज्ञप्ति

बैठकमा **नव नियुक्त मानार्थ सम्मेलन संरक्षक श्री संतोष राज दाहाल** एवं **सम्मेलन संयोजक श्री कमल भट्टराई ज्यूहरु** बाट वाहाँहरुले उक्त नव नियुक्त जिम्मेबारीलाई स्वीकार गर्दै सम्मेलनको पूर्ण सफलताको लागि बिभिन्न र समावेशी सम्मेलन समितिहरुको सार्वजनिक घोषणा गरिनेछ भनेर बताउदै एएनए र यस **संस्थाका सबै पदाधिकारीहरुलाई बिशेष धन्यवाद** समेत व्यक्त गर्नु भएको छ।

आगामी **अगस्ट २२ देखि २४ का दिन अर्थात् उक्त तिन दिन सम्म क्यालगरीमा सम्पन्न हुने** उक्त एएनए सम्मेलनको तयारी तथा अन्य विविध बिषयमा सार्वजनिक रुपमा जानकारी दिने उद्धेश्यले भर्चुअल (जुम) बैठकको आयोजना गरिएको र बैठकमा वर्तमान एएनए अध्यक्ष एवं पदेन क्यालगरी एएनए सम्मेलन २०२५ का **अध्यक्ष श्री खगेन्द्र अधिकारी**, वर्तमान ट्रस्टी **अध्यक्ष डा. शम्भु ढुंगाना**, वर्तमान संरक्षक एवं पूर्व ट्रस्टी अध्यक्ष **डा. अम्बिका प्रसाद अधिकारी**, संस्थाका ट्रस्टी पदाधिकारी **डा. दोर्ण रसाली**, बर्तमान सल्लाहकार प्रोफेसर **डा. बासु शर्मा**, निवर्तमान अध्यक्ष **श्री बिजय राज भट्टराई** ज्यू का अतिरिक्त संस्थाका अन्य गन्य-मान्य पदाधिकारी ज्यूहरु, बिशेष व्यक्तित्वहरु लगायत अन्य आमन्त्रित शुभचिन्तक महानुभावहरुको समेत उपस्थिति रहेको थियो।

उक्त भर्तुअल (जुम) बैठकमा सहभागीहरु मध्ये बाट एएनए सम्मेलनको तयारी र संस्था सम्बंधित अन्य विविध बिषयहरुमा सबैले नै आ-आफ्नो प्रतिनिधिमुलक र सहयोगात्मक मन्तव्यहरु राख्नुका अतिरिक्त **अध्यक्ष खगेन्द्र अधिकारी बाट बैठकमा एएनए सम्मेलनको आर्थिक पक्षलाई पारदर्शिताको ज़िम्मेवारीलाई पूर्ण रुपमा समेट्दै बिशेष रुपमा आर्थिक मितव्ययिता सहित बजेटको परिवेश र परिधि भित्र निर्धारित भएर सम्पूर्णतामा सम्मेलन सम्पन्न गरिने** भन्दै संस्थाका अन्य अन्य सबै पक्षहरु सहित बिशेष र महत्वपूर्ण बिषय अनि सन्दर्भहरुमा प्रकाश पार्दै सबैको ध्यानाकर्षण गरेर अर्थपूर्ण कुराहरु प्रस्तुत भएको सर्वसुलभ सन्देश सहित यस बर्ष यानेकी सन् **२०२५ को अगस्ट २२, २३ र २४ (शुक्रवार, शनिवार र आईतवार) का दिनहरुमा "ANA Nepali International Convention"** को चिनारी बाट **The Glenmore Inn & Convention Centre 1000 Glenmore Ct SE, Calgary, Alberta, Canada T2C 2E6** मा सम्पन्न हुने निश्चित गरिएको छ।

फेरि पनि प्रश्न उठ्न सक्छ, के को लागि **'एएएनए अन्तर्राष्ट्रिय नेपाली सम्मेलन"** भन्ने सवालमा हाम्रो एउटै मत छ त्यो हो, नेपाली पहिचान, नेपाली भाषा, नेपाली सान, मान साथै नेपाली कला र संस्कृतिको जगेर्ना र संवर्धन गर्नको लागि हो भनेर बुझ्न जरुरी छ। साथ-साथमा मातृभूमि नेपालको समृद्धिका लागि हाम्रो "सिप र विज्ञतालाई अवस्य पनि जन्मभूमि नेपाल संग जोड्न जरुरी छ। विदेशी भूमिमा रहेका युवा र हाम्रो दोस्रो पुस्तालाई नेपाल संग जोड्नका लागि क्यालगरी एएनए सम्मेलनले निस्वार्थता र सार्थकता सहित केहि न केहि टेवा पुर्याउँदै निश्चित रुपमा भरोसा युक्त पहुँच पुर्याउन र सहयोग गर्न सकारात्मक हुनेछ भन्ने विश्वास गर्दछौं। **आगामी अगस्ट २२, २३ र २४ मा क्यालगरीमा सम्पन हुन लागिरहेको** यो एकताको सम्मेलन विदेशमा बस्ने नेपालीहरुको सान, मान र पहिचान नै हो।

सामाजिक एकताको लागि गरिने यस प्रकारका सम्मेलनलाई सफलतापूर्वक सम्पन्न गर्न सके पछि मात्र नेपाली सान-मान र साखलाई स्थिरता सहित विश्व सामु बिस्तार गर्न सम्भव हुने र मातृभूमी नेपालको विकास निर्माणमा पनि सहभागि भै अगाडी बढ्न सकिने हुन्छ।यसका लागि विश्वभर छरिएर रहेका नेपालीहरुलाई एकतामा परिवर्तित गर्न धेरै नै जरुरी छ।

**समृद्ध राष्ट्रिय छाता संस्था "एएनए" बाट आयोजित अन्तरराष्ट्रिय नेपाली क्यालगरी सम्मेलनलाई** शान्तिपूर्ण, भव्य र सभ्य रुपमा सफलतापूर्वक सम्पन्न गर्नका लागि हामी सबैले सक्रिय रुपमा सहभागी भै उत्तर अमेरिका खासगरी विदेशमा वस्ने नेपालीहरुको एकता निर्माणको द्रुततर एवं गतिशील प्रक्रियाहरुमा र हरेक प्रकारका आवश्यकीय द्रुतगतिमा तन मन र धनको प्रत्यक्ष वा परोक्ष रुपमा योगदान गरेर मद्दत गर्दै यस बाट अधिकतम लाभ लिनका लागि हामी सबैलाई आग्रह गर्दछौं। नेपालीहरुको वीरता र सुन्दर गाथाको गौरवशाली साझा इतिहासलाई बचाउँन र यसलाई विश्व सामु झन -झन विस्तार गर्नु हाम्रो प्रमुख दायित्व, अभिभारा र उद्देश्य पनि रहि आएकोले उपरोक्त सोच बमोजिमका स्वच्छ र स्वस्थ बिचारको अवधारणाहरुलाई अनुसरण गर्न धेरै नै आवश्यक हुनेछ।

एवं प्रकारका सोचहरुमा हर्षित भएर बैठकमा उपस्थित र सम्बद्ध सबैले सदाझैं यस बर्षको एएनए सम्मेलनलाई पनि व्यवहारिकता, समन्वयकारीता र समावेशीता आदि इत्यादिका कुशल आधारमा हरेक प्रत्येक सहभागी बाट अपनत्व लिन सरलता हुने बन्दोबस्त सहित अर्थपूर्ण रुपमा र जिम्मेदारीपूर्ण रुपमा सफलतापूर्वक सम्पन्न गर्नका लागि पारदर्शिता सहित ईमानदार भएर सबैले परिश्रमी र सक्रिय रुपमा सहयोगी हुँदै आ-आफ्नो तर्फको प्रतिबद्धता जनाउने दृढ़ विश्वास प्रकट गर्नु भएको व्यहोरा अवगत गराईएको छ।

यस अर्थपूर्ण सम्मेलनलाई भव्य तथा सभ्य रुपमा सफल पार्ने मर्यादित र मर्मस्पर्शी सामाजिक कार्यमा सहयोग र योगदान पुर्याउनका लागि हामी सबै जुटौं कोहि पनि नछुटौं भन्ने आग्रह गर्दछौं। सबैलाई धन्यवाद!

**एसोसिएशन अफ नेपालीज ईन द अमेरिकाज (एएनए) का** तर्फबाट
आज्ञाकारी,

खगेन्द्र अधिकारी
अध्यक्ष

मिति: मार्च ६, २०२५